आज मिति २०७६/११/२६ गते सोमबारका दिन बिहान ८:३० बजे इलाम नगरपालिकाका प्रमुख श्री केदार थापा ज्यूको अध्यक्षतामा एवं निम्नानुसारको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी देहाय अनुसारको निर्णय गरियो।

उपस्थिति:-

प्रमुख श्री केदार थापा
उप-प्रमुख श्री विष्णु कुमारी लिम्बु
वडाध्यक्ष श्री गणेशीराम बस्नेत
,, श्री गिरिराज रिजाल
,, श्री हेम बहादुर सुनुवार
,, श्री नुतनदेव दुलाल
,, श्री काजी बहादुर सिंह
,, श्री दुर्गा सिंह
,, श्री नरेश सिंह
,, श्री दलमान लामाङ
,, श्री गोपाल चौहान
,, श्री ओमनाथ प्रधान
,, श्री टाँसी अबेगु
,, श्री लोकमान लिम्बु
का.पा.स. श्री डायना राई
,, श्री सरीमाया कार्की
,, श्री धनमाया लिम्बु
,, श्री कुमारी लुहागुन
,, श्री बिबि लिम्बु
,, श्री विरेन्द्र बहादुर राई
,, श्री देवेन्द्र मुखिया
,, श्री दिपक खत्री
सचिव-प्र.प्र.अ. श्री गणेश कुमार रङ्का

बैठक व्यवस्थापन कर्मचारी:-
लेखा अधिकृत श्री नारायण ढकाल
ईञ्जिनियर श्री दिपक गुरागाई
प्रशासकीय अधिकृत श्री बकुल मल्ल राज
सूचना प्रविधि अधिकृत श्री दिपेश कु. सिंह
अमिन श्री हेमसागर सापकोटा

## इलाम नगरपालिकाको बाह्रौं कार्यपालिका बैठकको निर्णयहरु

निर्णय नं. १

इलाम नगरपालिकाको गत कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयन अवस्था र प्रगति समीक्षा गर्दा राजस्व असुलीमा सवै वडा कार्यालयहरुले प्रभावकारी भूमिका निर्वाह गर्नु पर्ने, सम्झौता हुन बाँकी योजनाहरुको सम्झौता कार्य अघि बढाउनु पर्ने र कार्यान्वयनमा रहेका योजनाहरुको प्रभावकारी अनुगमन गरि तोकिएको समयमा नै सम्पन्न गर्ने व्यवस्था मिलाउनु पर्ने देखिएकोले सवै वडा र सम्वन्धित शाखाहरुले सोही वमोजिम तदारुकताका साथ कार्य गर्ने गराउने ।

निर्णय नं २

इलाम नगरपालिका टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि २०७९ पारित गर्ने ।

निर्णय नं. ३

कृषिजन्य उत्पादनको व्यवसायिक कारोवारमा आधारित करको चालु आ.व. को अन्तिम चौमासिकका लागि राजस्व परामर्श समितिको परामर्श बमोजिम ठेक अंक रु. तीन लाख कायम गरियो ।

निर्णय नं. ४

मिति २०७९/११/१९ मा भएको नगरपालिकाको प्रगति समीक्षा समेतबाट चालु आ.व. का लागि अनुमानित अनुदान, राजस्व बाँडफाँड र आन्तरिक स्रोत तर्फको आयमा उल्लेख्य रुपमा कमी देखिएको कारण चालु आ.व. मा करिब ६ करोड ५० लाख बजेट घाटा हुन सक्ने देखिएको हुंदा सो बजेट घाटाको पूर्ति नगर स्तरीय बजेट तथा कार्यक्रमहरु कटौती गरेर मात्र संभव नहुने भएको हुँदा प्रत्येक वडाका २० लाख बराबरका चालु आ.व. को बजेट तथा कार्यक्रममा समावेश गरिएका वडास्तरीय योजना तथा कार्यक्रमहरु कटौती गर्नु पर्ने वा आगामी आ.व. को वडा स्तरीय बजेट तथा कार्यक्रममा समावेश गर्ने गरि हाल स्थगित गर्नु पर्ने भएकोले प्रत्येक वडाले २० लाख बराबरका उल्लेखित योजना तथा कार्यक्रमहरुको विवरण अविलम्व नगर कार्यपालिकाको कार्यालयमा पठाउने ।

निर्णय नं. ५

इलाम नगरपालिका सामुदायिक विद्यालयको आर्थिक व्यवस्थापन सम्वन्धी कार्यविधि २०७९ पारित गर्ने ।

निर्णय नं. ६

नेपालटार मा.वि. बाट नयाँ भवन बनाउने प्रयोजनका लागि विद्यालयको पुरानो भवन भत्काउन अनुमती माग भएकोमा विद्यालयको अगाडी तर्फको हाल कक्षा संचालनमा रहेको भवन र विद्यालयको पछाडी तर्फ रहेको हाल कक्षा संचालन नरहेको भवन मध्ये प्राविधिक नापजाँच र स्टिमेट तथा बजेट बमोजिम आवश्यक पर्ने पर्याप्त जमिनको क्षेत्रफल तथा भौगोलिक रुपमा उपयुक्तता जुन स्थानमा पुग्छ सोही स्थानको भवन भत्काउन अनुमति दिने ।

निर्णय नं. ७

नगरकार्यपालिका र वडा नं ७ को देहायका बजेट शिर्षक तथा योजनाहरु रकमान्तर/ शिर्षकान्तर गर्ने

| साविक | | | हुनुपर्ने | | |
|---|---|---|---|---|---|
| बजेट पुस्तिकाको क्र.सं. | कार्यक्रमको नाम | रकमान्तर गर्न सकिने बजेट | क्र.सं. | कार्यक्रमको नाम | बजेट रकम |
| ४३१/ २११३५ | सम्मान तथा पुरस्कार कार्यक्रम | १,५०,०००।- | १ | प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन २०७९ मा मतदाता शिक्षामा खटिएका महिला स्वयंसेविका पारिश्रमिक खर्च | १,२०,०००।- |
| ४५५/ ३११५४ | वडा नं. ७ को झ्याउँकिरी खोल्सी (कूलधारा जाने बाटोको कल्भर्ट दक्षिण सडक विभाग उत्तर तर्फ) नियन्त्रण | १००००००।- | २ | वडा नं. ७ को वडा कार्यालय भवन मर्मत संभार | ५०००००।- |
| ४३३३/ २२५२२ | गणेशदास कानुनी साक्षरता/मेलमिलाप कार्यक्रम | १०००००।- | ३ | न्यायिक समिति आधारभूत तालिम संचालन | १०००००।- |

| | | | | | |
|---|---|---|---|---|---|
| ३८३/ २२५२२ | सहकारी संघ संस्थासँग सहकार्य | १५००००।- | ४ | न्यायिक समिति आधारभूत तालिम संचालन | १५००००।- |
| ५५/ ३११७१ | वडा नं.१ को बिष्ट गाउँबाट गुरुङ्ग गाउँ हुँदै बेतनी जाने बाटो स्तरोन्नती | ५०००००।- | ५ | हिमालय सांग्रिला बेतेनी बाटोको कलभर्ट निर्माण | ५०००००।- |
| ५४/ ३११७१ | वडा नं.१ को मिलगोलाईबाट राहुल गाउँ जोड्ने बाटो स्तरोन्नती | ५०००००।- | ६ | छयाङ्गपुर कार्की गाउँ जोड्ने बाटो स्तरोन्नती तथा नेपालटार प्रहरी बिट व्यवस्थापन | ५०००००।- |
| ५३/ ३११७१ | वडा नं.१ को शिव मन्दिर स्तरोन्नती | ५०००००।- | ७ | शिव मन्दिर स्तरोन्नती | ३०००००।- |
| | | | ८ | श्री सिंहदेवी भजन किर्तन मण्डली संरक्षण संस्था निर्माण | २०००००।- |

निर्णय नं. ८

घर बहाल कर व्यवस्थापन कार्यविधि, २०७६ अनुसार व्यवसाय तथा घरभाडा प्रयोजनमा रहेका घरहरुको वहालकर दर निर्धारण गर्न निम्नानुसारको वहालकर दर निर्धारण समिति गठन गर्ने निर्णय गरियो ।

क. प्रमुख प्रशासकीय अधिकृत- अध्यक्ष
ख. उद्योग वाणिज्य संघको अध्यक्ष वा निजले तोकेको उपाध्यक्ष/सदस्य- सदस्य
ग. सम्बन्धित वडाका वडाध्यक्ष- सदस्य
घ. नगरपालिका पूर्वाधार विकास महाशाखा प्रमुख- सदस्य
ङ. राजस्व शाखा प्रमुख — सदस्य सचिव

निर्णय नं ९

इलाम नगरपालिकाबाट लागत साझेदारीमा संचालित सिटिमार्टको पहिलो तलाको ख-८ सटरका सम्झौताकर्ता श्री पुष्पा कुमारी दुलालले आफ्नो घरायसी कारणले पसल संचालन गर्न कठिनाइ परेको हुँदा उक्त सटर मेरो निजी लगानी धरौटी रकम सहित सोहि सिटीमार्टको पहिलो तलामा जोडिएको सटर पसल संचालन गरिरहेका श्री किशोर कुमार राईलाई नामसारी गरिदिनु हुन भनी दिनु भएको निवेदन अनुसार निज किशोर कुमार राईको नाममा (निजी लगानी धरौटी) रकम सहित नामसारी गरिदिने तथा सम्झौताकर्ताले सटर पसल छोड्नु परेको खण्डमा हाल भत्काइएको पाटिसन वाल जस्ताको जस्तै निर्माण गरी बुझाउने शर्त सहित सटरको बीच भागको वाल भत्काउने अनुमति दिने निर्णय गरियो ।

निर्णय नं १०

सहकारी संस्था एकीकरण सम्वन्धी कार्यविधि, २०७९ पारित गर्ने निर्णय गरियो ।

निर्णय नं ११

इलाम नगरपालिका, शिक्षा नियमावली (आठौं संशोधन सहित), २०७४ को नियम २८ बमोजिमको विद्यालय व्यवस्थापन समिति गठन प्रयोजनका लागि नियम २८ (१क) बमोजिम अध्यक्ष र नियम २८ (१ग) बमोजिमको सदस्य मनोनयनका लागि सम्बन्धित वडा समितिको सिफारिस समेतको आधारमा इलाम नगरपालिका वडा नं.६ स्थित श्री दृपादेवी आधारभूत विद्यालयका लागि निम्नानुसार मनोनयन गर्ने ।

निम्न :-

१. बलराम कोइराला- अध्यक्ष
२. निर्मला श्रेष्ठ- महिला सदस्य
३. सबिता थाम्सुहाङ- महिला सदस्य
४. योगेन्द्र विश्वकर्मा- सदस्य

निर्णय नं १२

इलाम नगरपालिकाको कार्यपालिकाबाट मिति २०७४।११।२५ मा स्वीकृत इलाम नगरपालिका, "नगर दलित समन्वय समिति सञ्चालन कार्यविधि, २०७४" मिति २०७६।७।५ मा पहिलो संशोधन भई कार्यान्वयन भइरहेको सन्दर्भमा कार्यविधिमा निम्नानुसार संशोधन गर्न आवश्यक भएकोले दोस्रो संशोधन गर्ने निर्णय गरियो '।

| हाल भएको | संशोधन वा थप गर्ने पर्ने | कारण |
| --- | --- | --- |
| ३. इलाम नगरपालिका भित्र दलित समुदायको हक, हित तथा अधिकार संरक्षण, सम्बर्दधन एवम् ग्यारेण्टी गरी इलाम नगरपालिकालाई समतामूलक नगरको रुपमा विकास गर्नको लागि प्रमुखको प्रस्तावमा यो कार्यविधिको परिच्छेद–२ को दफा ९ मा व्यवस्था भएको योग्यता पुगेको क्रियाशील व्यक्तिहरुमध्येबाट नगर कार्यपालिकाले देहाय बमोजिमको समिति गठन गर्नेछ :<br>(क) दलित समुदायको हक, हित र अधिकार प्राप्तिको लागि उल्लेखनीय योगदान गरेको व्यक्ति — अध्यक्ष<br>(ख) समितिले मनोनित गरेको १ जना कोषाध्यक्ष<br>(ग) दलित समुदायको हक, हित संरक्षण र सम्बद्र्धनमा विशेष योगदान संघ, संस्था एवम् पेशा, व्यवसाय समेतकोप्रतिनिधित्व हुनेगरी २ जना — सदस्य<br>(घ) नगर सामाजिक विकास समितिको संयोजक (पदेन)— सदस्य<br>(ङ) वडा सदस्य निर्वाचित दलित महिला सदस्यमध्येबाट १ जना— सदस्य<br>(च) दलित समुदायको कार्यापालिका सदस्यमध्येबाट १ जना सदस्य सचिव | ३. इलाम नगरपालिका भित्र दलित समुदायको हक, हित तथा अधिकार संरक्षण, सम्बर्द्धन एवम् ग्यारेण्टी गरी इलाम नगरपालिकालाई समतामूलक नगरको रुपमा विकास गर्नको लागि निम्नानुसार समिति गठन हुनेछ र सो समितिको अध्यक्ष-१, उपाध्यक्ष-१, महिला उपाध्यक्ष-१, सचिव-१, सह-सचिव-१, कोषाध्यक्ष-१ कार्यपालिकाबाट र सदस्य-९ जना साथै ५ जनासम्म सल्लाहकार प्रमुखबाट मनोनयन हुनेछ । समितिका पदाधिकारी तथा सदस्यहरुले नगरपालिकाको निर्देशनबमोजिम शपथ ग्रहण गर्नु अनिवार्य हुनेछ । सचिव र सहसचिव मध्ये कुनै एक महिला हुनु अनिवार्य हुनेछ :<br>(क) अध्यक्ष- १<br>(ख) उपाध्यक्ष- १<br>(ग) महिला उपाध्यक्ष- १<br>(घ) सचिव- १<br>(ङ) सहसचिव- १<br>(च) कोषाध्यक्ष- १<br>(छ) सदस्य- ९ | समितिलाई थप व्यवस्थित गर्नु पर्ने भएकोले |

निर्णय नं १३

इलाम नगरपालिकाको कार्यपालिकाबाट मिति २०७६।७।५ मा स्वीकृत इलाम नगरपालिका, उपप्रमुख महिला सीप विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" कार्यान्वयन भइरहेको सन्दर्भमा कार्यविधिमा निम्नानुसार संशोधन गर्न आवश्यक भएकोले पहिलो संशोधन गर्ने निर्णय गरियो ।

| हाल भएको | संशोधन वा थप गर्ने पर्ने | कारण |
| --- | --- | --- |
| | ३.(ङ) उद्यमशीलता प्रबर्द्धन तथा विकास सम्बन्धी तालिमको व्यवस्थापन गर्ने ।<br>(च) व्यवसाय दर्ता गराई लघु, घरेलु तथा साना उद्योग, व्यवसाय गरिरहेका महिलाहरुलाई व्यावसायिक योजनाको आधारमा सम्वन्धित वडा समितिको सिफारिसमा कार्यपालिकाको निर्णय बमोजिम अनुदान वा बीउपूँजी वा ऋण उपलब्ध गराउने ।<br>(छ) नगरपालिकाको नीति तथा कार्यक्रम बमोजिम महिला उद्यमशीलता प्रवर्द्धन तथा विकासको लागि कार्ययोजना बनाई कार्यपालिकाबाट स्वीकृत कार्ययोजना तथा बजेट कार्यान्वयन गर्ने । | कार्यक्रमलाई अझ प्रभावकारी गर्नु पर्ने भएकोले । |
| | ७.(च) कोषको लगानी रकम तथा व्याज तोकिएको समयमा असुल नभएमा यस कार्यविधिबमोजिम कोषको संयोजकले सम्बन्धित व्यक्ति वा निजको एका घरपरिवारको नाममा रहेका चल अचल सम्पती रोक्का राख्न, प्रचलित कानून बमोजिम लिलामको कारवाही गरि सावाँ व्याज असुल गर्न वा सेवा सुविधा रोक्काको लागि कारवाही अगाडि बढाउनेछ, र न.पा.को राजश्व शाखा तथा वडा कार्यालयहरुले सो अनुसार सेवा सुविधा रोक्का गरी साँवा तथा व्याज रकम असुली गर्नु पर्नेछ । | असुली कार्यलाई प्रभावकारी गर्न |

निर्णय नं १४

इलाम नगरपालिका र हेफर इन्टरनेशनल नेपाल बीच कृषि तथा पशुपालन परियोजनासँग सम्बन्धी कार्यक्रमहरु सहकार्यमा संचालन गर्ने निर्णय गरियो ।

CS CamScanner

निर्णय नं १५

साना सिंचाई कार्यक्रम (दोस्रो चरण) अन्तर्गत वडा नं.३ मा संचालित सिमखर्क तिनतले सिंचाई योजनाको म्याद २०८० असार १५ गतेसम्म थप गर्ने निर्णय गरियो ।

निर्णय नं १६

इलाम नगरपालिका वडा नं.१ को वडास्तरिय पूर्वाधार विकास कार्यक्रमको क.सं.५१ खर्च संकेत ३११७१ चतुरे मोड पण्डित गाउँबाट देवेन्द्रघाट जोड्ने बाटो स्तरोन्नतीको योजना संचालन गर्दा ६० प्रतिशतसम्म मात्र नयाँ ट्र्याक (माटो कटिङ्गको कार्य) निर्माण गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं १७

क) नगर आदिवासी जनजाती समन्वय समितिको उपाध्यक्ष श्री छिकिन तामाङ्गले आफ्नो काम विशेषको कारण समितिको जिम्मेवारी वहन गर्न नसक्ने भनी नगर प्रमुखज्यूलाई मौखिक जानकारी दिनु भएको साथै शपथग्रहण समेत गर्न नआउनु भएकोले उक्त समितिको उपाध्यक्ष पदमा इलाम नगरपालिका वडा नं.१२ निवासी श्री राम लिङ्गदमलाई मनोनयन गर्ने निर्णय गरियो ।

ख) नगर आदिवासी जनजाती समन्वय समितिको सचिव श्री राजु राईले आफ्नो काम विशेषको कारण समितिको जिम्मेवारी वहन गर्न नसक्ने भनी नगर प्रमुखज्यूलाई मौखिक जानकारी दिनु भएकोले उक्त समितिको सचिव पदमा इलाम नगरपालिका वडा नं.६ निवासी श्री गंगा तामाङ्गलाई मनोनयन गर्ने निर्णय गरियो ।

निर्णय नं १८

नगर युवा परिषदको उपाध्यक्ष श्री विक्रम लिम्बुले आफ्नो काम विशेषले परिषदको उपाध्यक्ष पदको जिम्मेवारी वहन गर्न नसक्ने भनी नगर प्रमुखज्यूलाई मौखिक जानकारी दिनु भएको साथै शपथग्रहण समेत गर्न नआउनु भएकोले उक्त समितिको उपाध्यक्ष पदमा इलाम नगरपालिका वडा नं. ५ का श्री कमल दुलाललाई मनोनयन गर्ने निर्णय गरियो ।

निर्णय नं १९

साविक इलाम नगरपालिका वडा नं.६ हाल इलाम नगरपालिका वडा नं.८ मसार जाने अवाले गोलाई देखि चन्द्र बहादुर खड्कीको घर हुँदै मसारसम्म २०६० सालमा पाइप लाइन बिस्तार गरी खानेपानी धारा वितरण गरिएकोमा २०६६ सालपछि खानेपानी आपूर्ती बन्द भई ७ घर उपभोक्ताहरु मध्ये ५ घर उपभोक्ताहरुले अरुलाई नामसारी गरिदिएकोमा नारायण प्रसाद दंगाल र हरि नारायण दंगालको धाराको लगत कट्टाको निवेदन २०७३ सालमा कार्यालयमा निवेदन दर्ता गराइएकोमा सो निवेदन उपर कुनै कारवाही नभएको र रेकर्ड समेत नभेटिएकोले हालसम्म मिटर रिडिङ्गको न्यूनतम शुल्क र जरिवाना रकम बाँकी बक्यौतामा देखिएकोले खानेपानी आपूर्ती नै नभएको धाराको लगत कट्टा साथै उक्त धाराको शुल्क र जरिवाना रकम छुट गरिदिन हुन अनुरोध छ भनी द्वयनिवेदकबाट निवेदन प्राप्त भई खानेपानी शाखा, पूर्वाधार विकास महाशाखाबाट समेत व्यहोरा यथार्थ भएको बुझिएकोले माग अनुसार हुन सिफारिस भएकोले द्वय नारायण प्रसाद दंगाल र हरि नारायण दंगालको धाराको लगत कट्टा गरी उक्त धाराको बाँकी बक्यौतामा रहेको शुल्क र जरिवाना रकम आगामी नगरसभाबाट अनुमोदन हुने गरी छुट दिने निर्णय गरियो ।

CamScanner